सैनामैना नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ३) सैनामैना, जेष्ठ महिना २४ गते २०७६ साल (संख्या ३

भाग : २

सैनामैना नगरपालिका

सैनामैना नगरपालिकाबाट स्वीकृत नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको

## सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६

प्रस्तावना : सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी ५ नं.प्रदेशले जारी गरेको गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन,२०७५ को दफा ३(२) बमोजिम सैनामैना नगर कार्यपालिकाले यो नियमावली बनाई लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो नियमावलीको नाम "सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६"रहेको छ ।

(२) यो नियमावली सैनामैना नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो नियमावली नगर कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले सैनामैना नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्दछ ।



CamScanner

(ख) "नगरपालिका" .भन्नाले सैनामैना नगरपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख " भन्नाले सैनामैना नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सूचीकरण तथा बाटो इजाजत सम्बन्धी व्यवस्था

३. सूचीकरण सम्बन्धी व्यवस्था : ऐनको दफा ६ बमोजिम सूचीकरण हुन चाहने सवारी धनी वा व्यवस्थापकले रु १००० दस्तुर संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । यसरी पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गरी नगरपालिकाले सूचीकरण निस्सा प्रदान गर्नेछ ।

४. बाटो निर्धारण सम्बन्धी व्यवस्था : नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक साना सवारी साधनको लागि अनुसुची-२ मा उल्लेख भए बमोजिम बाटो निर्धारण गर्नेछ ।

५. बाटो इजाजतको लागि दरखास्त दिने :

(१) ऐनको दफा ९ बमोजिम सार्वजनिक सवारी साधनहरुको बाटो इजाजतपत्र लिन चाहने यातायात व्यवस्था कार्यालय( सवारी),लुम्बिनीमा दर्ता भएका सवारी धनी वा व्यवस्थापकले बाटो इजाजतपत्रका लागि अनुसूची-३ को ढाँचामा नगरपालिकामा दरखास्त दिनुपर्नेछ । यसरी पर्न आएको निवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गरी अनुसूची-४ बमोजिमको ढाँचामा बाटो इजाजतपत्र दिनु पर्नेछ ।

(२) यातायात व्यवस्था कार्यालय (सवारी ),लुम्विनी बाहेकका अन्य यातायात व्यवस्था कार्यालयमा दर्ता भएका सवारी धनी वा व्यवस्थापकले यस नगरपालिका भित्र रुट इजाजत लिन चाहेमा यातायात व्यवस्था कार्यालय (सवारी ),लुम्विनी मा दर्ता भई आएपछि मात्र रुट इजाजत दिईनेछ ।

६. पटके बाटो इजाजतपत्र : ऐनको दफा ११ बमोजिम पटके बाटो इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले रु.५०० दस्तुर सहित नगरपालिकामा अनुसूची-५ को ढाँचामा पटके बाटो ईजाजत पत्रको निवेदन दिनुपर्नेछ । यसरी पर्न आएको निवेदन उपर कार्यालयले जाँचबुझ गरी



CamScanner

बढीमा ७ दिनको लागि अनुसूची-६ बमोजिमको ढाँचामा पटके बाटो इजाजतपत्र दिनु पर्नेछ ।

७. सूचीकरण निस्साको नवीकरण :

(१) ऐनको दफा १२ बमोजिमको बाटो इजाजतपत्रको नवीकरणको लागि रु.५०० दस्तुर सहित नगरपालिकामा अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनको सम्वन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी बाटो सूचीकरण निस्साको नवीकरण गर्न उपयुक्त देखेमा एक वर्षको लागि निस्साको नवीकरण गरी दिनुपर्नेछ ।

८. बाटो इजाजतपत्रको प्रतिलिपि दिने :

(१) सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १५ बमोजिम बाटो इजाजतपत्रको प्रतिलिपिको लागि रु ५० दस्तुर संलग्न गरी अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) दफा (१) बमोजिम परेको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी व्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनेछ ।

९. बाटो इजाजतपत्रको दर्ता किताब : यस नियमावली बमोजिम दिइएको बाटो इजाजतपत्र, पटके बाटो इजाजतपत्र, बाटो इजाजतपत्र नवीकरणको लगत अनुसूची-९ बमोजिमको बाटो इजाजत दर्ता किताबमा अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

## परिच्छेद-३
## व्यवस्थापन तथा अनुगमन सम्बन्धी व्यवस्था

१०. अनुगमन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था : ऐनको दफा २० बमोजिमको अनुगमन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) ऐन र यस नियमावली बमोजिम सूचीकरण, बाटो ईजाजत लिए नलिएको र कानून बमोजिम साना सवारी साधन सञ्चालन भए नभएको विषयमा वेला वेलामा अनुगमन गर्ने ,

(२) उपनियम १ बमोजिम अनुगमन गर्दा ऐन र नियमावली विपरित सवारी साधन सञ्चालन गरेको पाईएमा पहिलो पटकको लागि रु.२०० सम्म जरिवाना गर्ने ,दोश्रो पटक,तेश्रो पटक उलङ्घन गरेको



CamScanner

भेटिएमा सूचीकरणबाट हटाउने वा सिफारिश रोक्ने सम्मको कारवाही गर्न सक्ने,

(३) तोकिएको रुटमा चल्ने रिक्सा, ई-रिक्सा तथा अटो रिक्साको संख्या निर्धारण गर्ने ,पार्किङ स्थल तोक्ने,

(४) ऐन र नियमावली बमोजिम गर्न गराउन सम्वन्धित निकायलाई राय, निर्देशन दिने,

(५) भाडादर निर्धारण समितिद्धारा तोकिएको भन्दा बढी भाडा लिएको पाईएमा बढी लिए जति सेवाग्राहीलाई फिर्ता गराई सो बराबर जरिवाना गर्न सक्नेछ ।

(६) अनुसूची -२ मा उल्लेख भएदेखि बाहेकको थप रुट निर्धारण गर्ने ।

## परिच्छेद - ४
## विविध

११. भाडा दर निर्धारण :

(१) नगरपालिका क्षेत्रभित्र संचालन हुने साना सवारी साधनहरुको भाडा दर निर्धारण गर्न नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी भाडादर निर्धारण समिति रहनेछ । सो समितिले भाडादर निर्धारण गर्नेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सबै वडा अध्यक्षहरु | सदस्य |
| (ङ) रिक्सा, ई-रिक्सा तथा अटो रिक्सासँग सम्वन्धित सैनामैना व्यवसाय संघको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (च) सैनामैना नगर उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (छ) सैनामैना उद्योग वाणिज्य संघ तथा व्यापार संघका प्रमुख वा प्रतिनिधि १/१जना | सदस्य |
| (ज) स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि | सदस्य |
| (झ) नगरपालिकाको सम्वन्धित विषयको शाखा हेर्ने शाखा प्रमुख | सदस्य-सचिव |

(२) समयानुकूल भाडादर वृद्धि गर्ने वा घटाउनुपर्ने भएमा यसै भाडा निर्धारण समितिको बैठक बसी भडा निर्धारण गरिनेछ । समितिको निर्णय सबै सेवाग्राही र व्यवसायीले पालना गर्नुपर्नेछ ।

(३) यसरी सञ्चालन हुने सवारी साधनहरु तोकिएको रुटमा मात्र चलाउनु पर्नेछ ।

(४) राजमार्ग क्रसिङ गरेर सवारीसाधन चलाउन पाईनेछैन र सवारी चालकले तोकिएको स्टेशनबाट १० मिनेट पूरा भएपछि एक जनामात्र यात्रु भएपनि सवारी साधन चलाउनु पर्नेछ ।

(५). रिक्सा, ई-रिक्सा तथा अटो रिक्सासँग सम्बन्धित सबै सवारी धनीले तोकिएको दररेटको टिकट यात्रुलाई उपलब्ध गराउनु पर्नेछ ।

१२. थपघट,हेरफेर र संशोधन : नगरकार्यपालिकाले यस नियमावलीको आवश्यक थपघट,हेरफेर तथा संशोधन गर्न सक्नेछ ।



CamScanner

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित)
सूचीकरणको लागि दिइने निवेदनको ढाँचा
श्रीमान प्रमख प्रशासकीय अधिकृत ज्यू,
सैनामैना नगरपालिका, बुद्धनगर, रुपन्देहीं ।

मेरो/हाम्रो नाममा रहेको निम्न विवरण भएको सवारी तहाँ सूचीकरण गराउनका लागि चाहिने आवश्यक प्रमाणहरू यसै साथ राखी पेश गरेको छु/छौं । उक्त सवारी जाँच गरी नगरपालिकामा मेरो/हाम्रो नाममा सूचीकरण गराईदिनुहुन अनुरोध छ ।

१. सवारी धनीको नाम थर -
२. ठेगाना :- (क) स्थायी -
(ख) अस्थायी -
३. पिता वा पतिको नामथर (व्यक्ति भएमा) -
४. सवारीमा भएको दर्ता नं (साविकको) -
५. सवारीको किसिम -
६. सवारी बनाउने कम्पनीको नाम -
७. सवारीको मोडेल नं. (निर्माण भएको साल) -
८. सिलिण्डर संख्या -
९. हर्ष पावर सि.सि. -
१०. सवारीको ईञ्जिन नं. -
११. सवारीको चेसिस नं. -
१२. सवारीको रङ :- (क) बडिको रङ -
(ख) सिसाको रङ -
१३. प्रयोग गर्ने इन्धनको किसिम -
१४. सवारीमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)
१५. सवारीको वजन क्षमता :- (क) कुल वजन -
(ख) भारवहन क्षमता -
(ग) सिट संख्या -
१६. प्रयोग -

१७. चलाउने क्षेत्र -

दरखास्तवालाको :-
सही :-
नाम थर :-
ठेगाना :-
मिति :-

कार्यालय प्रयोजनको लागि

प्रदान गरिएको दर्ता नं.
दर्ता मिति -
माथि उल्लेखित सम्पूर्ण विवरणहरूका आधारमा सूचीकरण गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने ।

फाँटवालाको सही

सूचीकरण गर्ने अधिकारीको सही

CamScanner

## अनुसूची-२
(नियम ४ सँग सम्बन्धित)

### बाटो निर्धारण

यस नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने साना सवारी साधनहरुको देहाय बमोजिम रुट निर्धारण गरिएको छ ।

१. बुद्धनगर देखि किशुली सडक -७ कि.मि.
२. कलौनी ( देउवापार हुदै आमी सडक ) -४ कि.मि.
३. बासगढी देखि गजेडी सडक - १ कि.मि.
४. रामापुर चोक देखि आधीखोला सडक- ४ कि.मि.
५. सालझण्डी चोक (झिमझिमे हुदै फुलवारी सडक -५ कि.मि.
६. सैनामैना (पुवी भाटा देखि काशिपुर सडक) - ६ कि.मि.
७. एस.के पेट्रोल पम्प देखि रानीकुवा सडक -१ कि.मि.
८. रानीबगिया(बोलबम हुदै कुस्मा -६ कि.मि.
९. रानीबगिया देखि मुर्धनी सडक -२.५ कि.मि.
१०. मुर्गिया (पुष्पनगर हुदै गंगानगर सडक ) -६ कि.मि.
११. मुर्गिया(कुष्मा हुदै सुर्यपुरा सडक )- ७ कि.मि.
१२. बुद्धनगर देखि गडवा सडक -३ कि.मि.
१३. मौसमचोक देखि बालापुर सडक -३ कि.मि.
१४. दुधराक्ष चोक देखि झाला सडक -३ कि.मि.
१५. देवीचोक देखि मलमला सडक -२.५ कि.मि.
१६. क्याम्पस गेट देखि वयरकट्टी सडक - ३ कि.मि.
१७. बासगढी (वडा कार्यालय हुदै चौधरी घोला सडक )- २ कि.मि.
१८. सालझण्डी चोक(ताली हुदै बरौली सडक) - ५ कि.मि.
१९. सालझण्डी देखि पानवारी सडक -५ कि.मि.
२०. बुद्धनगर देखि बर्महवा खा.पा.कार्यालयसम्म -४कि.मि.
२१. बुद्धनगर देखि काटियामाईसम्म -५.५ कि.मि.
२२. शितलापुर देखि जर्लेवा सम्म -४ कि.मि.
२३ सालझण्डी तालिचचना सम्म -५ कि.मि.
२४. सुर्यनगरचाृक देखि शंकरपुर सम्म -२ कि.मि.
२५. सहमतिचोक देखि चङ्खीपुर सम्म -१कि.मि.
२६. पिपलडांडा देखि ठूलिचौर सम्म -२ कि.मि
२७. पुकारबाल्टि देखि कर्वलासम्म -२ कि.मि.
२८. मुर्गिया पर्सवाल हुदै दर्खासी -५ कि.मि.
२९. झारबैरा उछिद्दया हुदै सोरौली पानी ट्याङ्कि सम्म -३ कि.मि.
३०. झारबैरा देखि रन्यौरा सम्म -२ कि.मि.
३१. रन्यौरा देखि बोलबम मन्दिरसम्म -४कि.मि.
३२. सुनगाभाचोक देखि गंगानगरसम्म -४ कि.मि.
३३. लायन्स(मुर्गिया) चोक देखि सीसौडाँडा हुदै लेडुवासम्म -३ कि.मि.

## अनुसूची-३
(नियम ५सँग सम्बन्धित)
## बाटो इजाजत पत्रको लागि दिइने दरखास्त

| सवारी धनीको फोटो |
|---|

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सैनामैना नगरपालिका,
बुद्धनगर, रुपन्देही ।

निम्न अनुसारको यातायात सेवाको सवारीलाई निम्न अनुसारको बाटो इजाजत पत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण पत्रहरू संलग्न गरी दरखास्त दिएको छु । नियमानुसार बाटोको इजाजतपत्र पाउँ ।

१. यातायात सेवाको विवरण -
   (क) यातायात सेवाको नाम -
   (ख) यातायात सेवा सूचीकरण मिति -
   (ग) यातायात सेवाको नवीकरण अवधि -
   (घ) अन्य
२. सवारी धनी वा व्यवस्थापकको विवरण -
   (क) सवारी धनीको नाम थर -
   (ख) ठेगाना -
   (ग) सवारी व्यवस्थापकको नाम थर -
   (घ) सवारी व्यवस्थापकको ठेगाना -
   (ङ) कम्पनी वा फर्मको इजाजत पत्र /लेखा नम्बर :
३. सवारीको विवरण -
   (क) सवारी नं. -
   (ख) दर्ता मिति (यातायात कार्यालयमा) -
   (ग) सवारीको किसिम -
   (घ) सवारीको इन्जिन नं. -
   (ङ) सवारीको चेसिस नं. -
   (च) सवारीको मोडेल नं. र निर्माता कम्पनी :-
       (अ) मोडेल :- (आ) निर्माता कम्पनी -
   (छ) निर्माण भएको साल -
   (ज) सवारीको वजन क्षमता -
       (अ) कुल वजन - (आ) भारवाहन क्षमता - (ई) सिट क्षमता -

(झ) अन्य -

४. सवारीको बाटो इजाजत पत्र माग गरेको क्षेत्र वा बाटोको विवरण -

(क) (ख)

(ग) (घ)

(ङ) (च)

५. जाँचपास सम्बन्धी विवरण -

(क) जाँचपास भएको मिति र अवधि - मिति - अवधि -

(ख) जाँचपास गरिदिने कार्यालय -

६. सवारी बीमा सम्बन्धी विवरण -

(क) सवारी बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ख) यात्रु बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ग) मजदुर बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(घ) तेस्रो पक्ष बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ङ) यात्री गुण्टा बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

७. सवारीमा काम गर्ने कर्मचारीको विवरण -

(क) चालक :- (अ) नाम थर -
(आ) ठेगाना -
(इ) ना.प्र.प. -
(ई) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं. -
(उ) जन्ममिति :

चालक को फोटो

८. सवारी नचलेको समयमा वा अवधिमा सवारी पार्किङ्ग गर्ने स्थान -

९. अन्य विवरण -

(क)

(ख)

(ग)

(घ)

(ङ)

दरखास्तवालाको सही -
नाम थर -
ठेगाना -
मिति -

कार्यालय प्रयोजनको लागि

१. उक्त सवारीले माग गरेको बाटोको इजाजत पत्र दिन सकिने - नसकिने विवरण खुलाउने-

(क) बाटो इजाजत पत्र दिन नसकिने भए सो को कारण खुलाउने -

(अ)

(आ)

(इ)

(ख) बाटो इजाजत पत्र दिन सकिने भए कुन कुन बाटोको इजाजत पत्र दिने हो सो खुलाउने -

(क) (ख)

(ग) (घ)

(ङ) (च)

२. बाटो इजाजत पत्र नं. -

३. बाटो इजाजत पत्रको दस्तुर रु. - भौचर - रसिद नं. -

४. संलग्न कागज पत्रहरु -

५. अन्य विवरण -

..................................
बाटो इजाजत दिन सिफारिस गर्ने फाँटवालाको सही

..................................
बाटो इजाजत दिने अधिकारीको सही

अनुसूची-४
(नियम ५सँग सम्बन्धित)
बाटो इजाजत पत्र
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही ।

इजाजत दिने अधिकारीको

नाम :

दर्जा :

दस्तखत :

मिति :

चेसिसको लम्बाई :

इन्जिन नम्बर :

मोडेल :

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगाना :

बडी तयार गर्ने कारखानाको नाम ठेगाना :

इजाजत पत्र नं.

सवारीको किसिम :

सवारी धनी वा व्यवस्थापकको नाम :



CamScanner

अनुसूची - ५
(नियम ६ सँग सम्बन्धित)
**पटके बाटो इजाजत पत्रको लागि दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सैनामैना नगरपालिका,
बुद्धनगर, रुपन्देही ।

निम्न विवरण भएको सवारीलाई निम्न बमोजिम बाटोमा सञ्चालन गर्न पटके बाटो इजाजत पत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण पत्र समेत राखी दरखास्त दिएको छु/छौं ।नियमानुसार पटके बाटो इजाजत पत्र पाउँ ।

१. यातायात सेवाको नाम र ठेगाना -
२. सवारी धनीको नाम र ठेगाना -
३. सवारीको सूचीकरण नं. र मिति -
४. सवारीको किसिम -
५. सवारीको बाटो इजाजत पत्रको विवरण -
   (क) पाएको स्थायी बाटो -
   (ख) वहाल अवधि -
६. पटके बाटो इजाजत पत्र लिने क्षेत्र -
७. पटके बाटो इजाजत पत्र लिनु पर्ने कारण -
   (के कार्यको लागि जाने हो सो खुलाउने)
८. पटके बाटो इजाजत पत्र माग गरेको अवधि - देखि-सम्म
९. जाने आउने पटक -
१०. उक्त सवारीको जाँचपास वहाल अवधि -
११. दस्तुर रकम -
१२. अन्य विवरण -

दरखास्तवालाको
सही -
नाम थर -
वतन -
मिति -

चालक-परिचालक अनुमतिपत्र नं. र दिने कार्यालय -

CamScanner

अनुसूची-६
(नियम ६सँग सम्बन्धित)
<u>पटके बाटो इजाजत पत्र</u>

इजाजत पत्र नं. - मिति -

१. यातायात सेवाको नाम र ठेगाना -

२. सवारी धनीको नाम थर र ठेगाना -

३. सवारी सूचीकरण नं. र मिति -

४. सवारीको किसिम -

५. पटके बाटो दिएको क्षेत्र - देखि सम्म

६. पटके बाटोको अवधि - देखि सम्म

७. जाने आउने पटक -

८. पटके बाटो लिएको दूरी -

९. बुझाएको दस्तुर रकम -

१०. सेवा सञ्चालनका शर्त (केही भए) -

११. अन्य -

इजाजत पत्र बुझ्नेको सही इजाजतपत्र दिने अधिकारीको सही

## अनुसूची-७
(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)
**बाटो इजाजत पत्रको नवीकरणको लागि दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सैनामैना नगरपालिका,
बुद्धनगर, रुपन्देही ।

निम्न विवरण भएको सवारीको निम्नानुसारको बाटो इजाजत पत्र नवीकरण गरी पाउनका लागि लाग्ने दस्तुर र आवश्यक कागजपत्र यसै साथ संलग्न राखी दरखास्त दिएको छु/छौं ।नियमानुसार बाटो इजाजत पत्र नवीकरण गरी पाउँ ।

१. यातायात सेवाको नाम र ठेगाना -
२. सवारी धनीको नाम र ठेगाना -
३. सवारी व्यवस्थापनको नाम र ठेगाना -
४. सवारी दर्ता नं. -
५. सवारीको किसिम -
६. सवारीको बाटो इजाजत पत्र नं. -
७. सवारीको बाटो इजाजत पत्र नवीकरण गर्नु पर्ने क्षेत्र -
   (क) (ख) (ग)
   (घ) (ङ) (च)
८. साविक बाटोमा थपघट भएको भए सो को विवरण -
   (क)
   (ख)
९. बाटो इजाजत पत्रको बहाल अवधि -
१०. बाटो इजाजत नवीकरण गर्नु पर्ने अवधि - देखि सम्म ।
११. जाँचपास सम्बन्धी विवरण -
   (क) जाँचपास भएको मिति र अवधि :- मिति : अवधि :
   (ख) जाँचपास गरिदिने कार्यालय -
१२. सवारी बीमा सम्बन्धी विवरण -
   (क) सवारी बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
   (इ) बीमा गर्ने कम्पनी वा निकाय -
   (ख) यात्रु बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
   (इ) बीमा गर्ने कम्पनी वा निकाय -



CamScanner

(ग) मजदुर बीमा :- (अ) बीमा भएको मिति - आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(घ) तेश्रो पक्ष बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ङ) यात्री गुण्टा बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

१३. सवारीमा काम गर्ने कर्मचारीको विवरण :- (पहिले नदिएको वा पहिले दिएको विवरण परिवर्तन भएकाको लागि मात्र)

(क) चालकको नाम थर ठेगाना र अनुमतिपत्र नं. -

१४. सवारी नचलेको समयमा पार्किङ्ग गर्ने स्थान -

१५. अन्य -

दरखास्तवालाको
सही -
नाम थर -
ठेगाना -
मिति -

## अनुसूची-८
(नियम ८ को उप नियम (१) सँग सम्बन्धित)
**बाटो इजाजतपत्र प्रतिलिपिको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सैनामैना नगरपालिका,
बुद्धनगर, रुपन्देही ।

यस कार्यालयबाट प्रदान गरिएको सवारी नम्बर..........को बाटो इजाजत पत्र नं. .....हराएको/भुत्रो भएकोले उक्त बाटो इजाजतपत्रको प्रतिलिपि पाउन निम्न प्रमाणपत्र संलग्न राखी यो दरखास्त पेश गरेको छु । व्यहोरा साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउला ।

१. सवारी नम्बर -
२. बाटो ईजाजत नम्बर -
३. जाँचपास प्रमाणपत्र
४. बिग्री बनाउन नसक्ने
भएमा वर्कशपको पत्र -
५. अन्य प्रमाणपत्रहरु -

दरखास्तवालाको
नाम :
सही :
ठेगाना :
मिति :



CamScanner

अनुसूची-९
(नियम ९ सँग सम्बन्धित)

## बाटो इजाजतपत्र दर्ता किताब

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही ।

१. बाटो इजाजत पत्र नं. -

२. यस कार्यालयबाट प्राप्त शुरु बाटोको विवरण

(क) (ख) (ग)

(घ) (ङ) (च)

३. यातायात सेवाको विवरण -

(क) यातायात सेवाको नाम -

(ख) यातायात सेवा दर्ता नं. र मिति -

(ग) दर्ता गर्ने कार्यालय –

(घ) यातायात सेवाको मुख्य कार्यालय रहेको स्थान र फोन नं. -

४. सवारीको विवरण -

(क) सवारी नं. -

(ख) दर्ता मिति -

(ग) किसिम -

(घ) इञ्जिन नं. -

(ङ) चेसिस नं. -

(च) मोडेल र निर्माता कम्पनी :- (अ) मोडेल -

(आ) निर्माता कम्पनी - (इ) बनेको साल -

(छ) सवारीको वजन क्षमता :- (अ) कूल वजन -

(आ) भार वहन क्षमता - (इ) सिट क्षमता -

(ज) अन्य -

५. सवारी धनी र सञ्चालक सम्वन्धी विवरण -

(क) सवारी धनीको नाम थर -

(ख) सवारी धनीको ठेगाना -

(ग) सवारी व्यवस्थापक वा सञ्चालकको नाम थर -

(घ) सवारी व्यवस्थापक वा सञ्चालकको ठेगाना -

६. जाँचपास सम्बन्धी विवरण -

(क) जाँचपास भएको मिति र अवधि :- मिति - अवधि -

(ख) जाँचपास गरिदिने कार्यालय -

७. सवारी बीमा सम्बन्धी विवरण -

(क) सवारी बीमा :- (अ) बीमा भएको मिति :- (आ) अवधि -
(इ) बीमा गर्नेकम्पनी वा निकाय -

(ख) यात्रु बीमा :- (अ) बीमा भएको मिति -
(आ) अवधि - (इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ग) मजदुर बीमा :- (अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(घ) तेस्रो पक्ष बीमा :- (अ) बीमा भएकोमिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

(ङ) यात्री गुण्टा बीमा :-(अ) बीमा भएको मिति - (आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

८. सवारीमा काम गर्ने कर्मचारीको विवरण :-

(क) चालकको नाम थर ठेगाना र अनुमतिपत्र नं.

९. सवारी नचलेको समय वा अवधिमा सवारी पार्किङ्ग गर्ने स्थान -

१०. यस अघि बाटो इजाजतपत्र पाएको भए सो को विवरण, अवधि र दिने कार्यालय -

११. अन्य विवरण -

दर्ता किताब

| क्र.सं. | दर्ता मिति | दर्ता नं. | सवारी धनिको नाम | ठेगाना | चालको नाम, ठेगाना | सवारी साधनको नम्बर | इन्जिन नं. | चेसिस नं. | सूचिकृत गरेको मिति | नविकरण मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बाटो इजाजतपत्र नवीकरण, बाटो थप, स्थगित र फुकुवा आदिको विवरण

| कायम भएको वा नवीकरण भएको बाटोको विवरण | नवीकरण मिति | बहाल अवधि | बाटो इजाजत पत्र स्थगित र फुकुवा विवरण | विवरण राख्नेको हस्ताक्षर | कैफियत (यस महलमा धेरै ठाउँ राखी उक्त सवारीको सम्बन्धमा हरेक पटक भएका विभिन्न निर्णय वा कारवाहीको विवरण चढाउने) |
|---|---|---|---|---|---|
| | | | | | |

प्रमाणिकरण मिति : २०७६ जेष्ठ २३ गते

आज्ञाले
(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner